# विपद्/प्रकोप व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका -२०७४

प्रस्तावना : दैवी प्रकोपका दृष्टिकोणले नेपाल संसारकै एक सम्वेदनशील राष्ट्रको सुचीमा पर्दछ । अव्यवस्थित बसाइँ सराई, जँगलको फडानी तथा अतिक्रमण, परम्परागत खेति प्रणाली, कृषिको आधुनीकिकरणका नामले हुने गरेको रसायनीयक मल र विषादिको प्रयोग, जनसङ्ख्याको बढ्दो चाप, जथाभावी महामारी, झाडापखाला, भोकमरी, भूकम्प, सडक दुर्घटना, बाढी पहिरो, भु-क्षय जस्ता दैवी विपत्तिमा परी हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । दैवीप्रकोपबाट जिउज्यान र धनसम्पत्तिको क्षति हुन्छ साथसाथै भौतिक संरचनामा समेत क्षतिहुने हुनाले आर्थिक, सामाजिक विकासमा समेत नोक्सानीहुन जान्छ ।

यस्ता सामाजिक, आर्थिक, भौतिक संरचनाहरुको क्षतिलाई न्यनीकरण गर्न सहयोग पुर्याउने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन को परिच्छेद (३) दफा (११) को (न) विपद व्यवस्थापन गर्ने गाउँपालिकाको अधिकार बमोजिम सोही ऐन सँग प्रतिकुल नहुने गरि फालेलुङ गाउँपालिकाको गाउँकार्यपालकाले यो निर्देशिका जारी गरि लागु गरेको छ ।

## परिच्छेद–१

**१. संक्षिप्तनाम र प्रारमभ :**

१.१ यस निर्देशिकाको नामविपद/प्रकोप व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका –२०७४ रहेको छ ।

१.२ यो निर्देशिका गाउँकार्यपालिकाको बैठकले स्विकृत गरेको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा :**

२.१ विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,

क) "निर्देशिका"भन्नाले विपद्/प्रकोप व्यवस्थापनकोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका–२०७४ सम्झनुपर्दछ ।

ख) "कोष"भन्नाले विपद/प्रकोप व्यवस्थापन कोष बुझ्नु पर्दछ ।

ग) "व्यवस्थापन समिति " भन्नाले विपद् जोखिम व्यवस्थापन तथा दैवीप्रकोप विशेष कोष सञ्चालन तथा व्यवस्थापन समिति बुझ्नुपर्दछ ।

घ) "कार्यपालिका " भन्नाले फालेलुङ गाउँकार्यपालिका बुझ्नुपर्दछ ।

ङ) "प्रकोप " भन्नाले देवी तथा प्राकृतिक कारणबाट उत्पन्न विपद् सम्झनुपर्दछ ।

**३. कोषको स्थापना :**

३.१. विपद/प्रकोप व्यवस्थापन कोष नाम गरेको एक कोष खाता स्थापना भएको छ । यसको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।

# परिच्छेद-२

# कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**५. कोषको अवधारणा :**

गाउँपालिका क्षेत्रमा हुने सबै प्रकारको दैवीप्रकोपहरुलाई न्यूनीकरण गरी सो को प्रभावबाट पीडित व्यक्ति, परिवार, संघ संस्थालाई सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य :**

दैवीप्रकोपमा परेको परिवार, संघ संस्थाहरुलाई पुर्नस्थापनामा सहयोग पुऱ्याई प्रकोप पिडीत अवस्थाबाट गाउँपालिकालाई मुक्तगर्न सहयोग पुऱ्याउनु कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य :**

**कोषको उद्देश्य देहायअनुसार हुनेछन् ।**

७.१ दैवीप्रकोप पीडितको उद्धार तथा पुर्नस्थापनाका लागि जिल्ला तथा गाउँपालिका स्थित सबै कार्यालय, संघसंस्थावीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

७.२ दैवीप्रकोपको दृष्टिकोणले गाउँका जोखिमपुर्ण क्षेत्रहरुको पहिचानगरि प्रकोप रोकथाम तथा विपद् जोखिम व्यवस्थापनका लागि चेतना मुलक काम गर्ने ।

७.३ दैवीप्रको व्यवस्थापन, वातावरणमैत्री योजनानिर्माण, वातावरण संरक्षण, फोहोर मैला व्यवस्थापन सम्बन्धमा राष्ट्रिय योजना आयोग, मन्त्रालयहरुद्वारा तय गरिएको र गाउँपालिकाको नीति तथा उदेश्यहरु पूर्तिका लागि सहयोग पुऱ्याउने ।

फालेलुङ गाउँपालिका

# परिच्छेद –३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धि व्यवस्था

**८. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धि व्यवस्था :**

८.१ कोषको लक्ष्य तथा उदेश्यहरुको प्राप्तिका लागि निम्नानुसारको व्यवस्थापन समिति गठन गरिने छ ।

- फालेलुङ गाउँपालिका उपाध्यक्ष – अध्यक्ष
- गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम (१५) को उपनियम (१) बमोजिम गठित बाताबरण तथा विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु – सदस्य
- नेपाल प्रहरीका स्थानीय प्रमुख –सदस्य
- गाउँकार्यपालिकाको योजनाशाखा प्रमुख – सदस्य सचिव

**९. सञ्चालकतथाव्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

९.१ विपद/प्रकोप व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क) दैवीप्रकोप व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने ।

ख) कोषको बार्षिक योजना तर्जुमा गरि स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

ग) प्रकोप सम्बन्धिपुर्व सतर्कताका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

घ) दैवीप्रकोपबाट पीडित व्यक्ति/परिवार,संघसंस्थालाई तत्काल राहत उपलब्ध गराउने ।

ङ) प्रकोप पिडीतका लागि पुर्नस्थापनाको व्यवस्थापन गर्ने ।

**१०) अध्यक्षको कामकर्तव्य र अधिकार :**

क) बैठकको अध्यक्षता गर्ने ।

ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

ग) बैठकको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने, प्रस्ताव पेश गर्न लगाउने ।

घ) कोषको वित्तियश्रोत जुटाउने र परिचालन गर्न लगाउने ।

# परिच्छेद–४

## आर्थिक तथाप्रशासनीकव्यवस्था

११) कार्यपालिकाको नाममा एउटा विपदव्यवस्थापनकोष रहने छ । जसमा देहायअनुसारको रकमहरु रहनेछन् ।

क) गाउँसभाले बार्षिक रुपमा प्रकोप व्यवस्थापन कोषका लागि विनीयोजित रकम ।

ख) नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहबाट प्रकोप तथा विपद् व्यवस्थापनका लागि प्राप्त हुने रकम ।

ग) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्तहुने रकम ।

घ) अन्य विविध श्रोत बाट प्राप्त रकम ।

११.१) कोषको रकम नेपाल सरकारबाट " क" बर्गको इजाजत प्राप्त बैङ्कमा खाताखोली जम्मा गरिनेछ र सो कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

११.२) व्यवस्थापन समितिको निर्णयको आधारमा मात्र कोषबाट रकम निकाल्न मिल्नेछ ।

११.३) जुन प्रयोजनको लागि कोषमा रकम जम्मा भएको हो सो प्रयोजनका लागि मात्र रकम खर्च गर्ने ।

**१२) बैठकभत्ता :**

कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुलाई अन्य विषयगत समितिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् । र सो भत्ता कोषकै रकमबाट भुक्तानी दिनुपर्नेछ ।

फालेलुङ गाउँपालिका

## परिच्छेद ५

**१३) कोषबाटकार्यक्रम सञ्चलनगर्नुपर्ने :**

गाउँकार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुमा दैवीप्रकोप सम्बन्धि कार्यक्रम सञ्चालन गर्दा यस कोषबाट मात्र सञ्चालन गरिनेछ।

१४) बार्षिक कार्यक्रममा योजना समावेश गर्ने :

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको बार्षिक योजनामा समावेश गर्नुपर्नेछ।

१५) राहत वितरणका लागि व्यवस्थापन समितिले बैठक बस्नुपर्नेछ र सो बैठकको निर्णयको आधारमा मात्रकोष बाट रकम खर्च गर्न मिल्नेछ।

१५) राहतका लागि निर्णय गर्दा देहाय अनुसारको कागजातलाई आधार मानि निर्णय गर्नुपर्नेछ।

क) दैवीप्रकोपबाट पिडीत व्यक्तिको निवेदन।

ख) सम्बन्धित वडाको सिफारिस।

१५) आर्थिक सहयोग उपलव्ध गराउँदा व्यवस्थापन समितिले कुनै पनि व्यक्ति वा संस्थालाई पचास हजार भन्दा बढी रकम दिने भनि निर्णय गर्न पाउने छैन।

**१६. जाँचपास तथा फरफारक :**

क) कोषबाट सञ्चालन भएका कार्यक्रमहरुको जाँचपास तथा फरफारक कार्यपालिकाले गर्नेछ।

**१७. निर्देशिकाको संशोधन :**

यस निर्देशिकालाई संशोधनगर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

**१८. खारेजी र बचाउ :**

क) यस निर्देशिकामा भएका कुरा स्थानीय सरकार सञ्चालन ऐन तथा नियमावली र गाउँकार्यपालिकाले पारित गरेको अन्य ऐन सँग बाझिएमा यस निर्देशिकामा भएको व्यवस्था स्वतःखारेज हुनेछ।

फाल्गुनन्द गाउँपालिका